# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


# प्रेस विज्ञप्ति

२०७४ फागुन २७

## कुटपीटमा संलग्न दोषीलाई कानूनी कारबाही गर ।

कैलालीको घोडाघोडी नगरपालिका-५, देउकलिकी राधा चौधरी माथि २०७४ फागुन २४ गते बोक्सीको आरोपमा गरिएको कुटपीटको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । अत्याधिक व्यक्तिहरूको उपस्थितिमा एक जना १८ वर्षीया बालिका माथि बोक्सीको आरोपमा निरन्तर र निर्घात तवरले छ घण्टासम्म कुटपीट गरिनु अत्यन्त क्रूर, अमानवीय र घृणित कार्य हो ।

आयोगले कुटपीटबाट घाइते भई उपचारमा रहेकी राधा चौधरीलाई धनगढी स्थित क्षेत्रीय सेती अञ्चल अस्पताल पुगेर स्वास्थ्य अवस्थाबारे जानकारी लिनुका साथै घटनास्थल पुगेर अनुगमन गरेको छ । अनुगमनबाट प्राप्त तथ्य अनुसार पीडित चौधरीको स्वास्थ्य अवस्था सुधारोन्मुख रहेको, पीडक पक्षबाट घटना सम्बन्धमा कहीं कतै उजुरी नदिन निरन्तर धम्की दिइएकोले पीडित परिवार मानसिकरूपमा त्रसित रहेको पाइएको छ । पीडित परिवारलाई उजुरी दिन धम्काउने व्यक्तिको पहिचान गरी कारबाहीको दायरामा ल्याउन, पीडित परिवारको सुरक्षाको सुनिश्चितता गर्न आयोग स्थानीय प्रहरी प्रशासनको ध्यानाकर्षण गराउँदछ । साथै घटनाको कारबाही प्रक्रिया सम्बन्धमा आयोगलाई जानकारी गराउन समेत आयोग आग्रह गर्दछ ।

नेपालको संविधानले यातना र शोषणलाई वर्जित गरेको छ । साथै बोक्सी सम्बन्धी (कसूर र सजाय) ऐन २०७२ ले बोक्सीको आरोप लगाएर शारीरिक र मानसिक यातना दिनेलाई सजायको व्यवस्था गरेको छ ।

अत: अपराधमा संलग्न व्यक्तिहरूलाई कानून बमोजिम सजाय दिलाउन तथा कुटपीटबाट घाइतेको निशूल्क र प्रभावकारी उपचार गराउन आयोग आग्रह गर्दछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता